# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

मितिः २०८१/५/१६

## प्रेस विज्ञप्ति

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) मा आयोगले वर्षभरि गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम आयोगले आ.व. २०८०/०८१ मा सम्पादन गरेका काम कारबाहीको पाँचौं वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष मिति २०८१/५/१६ गते पेश गरेको छ।

नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ र प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ तथा लोक सेवा आयोग सम्बन्धमा नेपालमा स्थापित सिद्धान्त र मूल्य मान्यताहरू प्रदेश लोक सेवा आयोगका कार्यसम्पादनका प्रमुख नीतिगत तथा कानूनी आधारको रूपमा रहेका छन्। योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिता जस्ता मूल्य मान्यतालाई आत्मसात गर्दै समान अवसर, द्विअन्ध, परिचयशून्यता, असंलग्नता तथा गोपनीयताको सिद्धान्तलाई आयोगले कार्य सम्पादनको मूल आधारको रूपमा ग्रहण गरी कार्य सम्पादन गर्दै आएको छ। नेपालको संविधान र आयोगसँग सम्बन्धित प्रचलित कानून बमोजिम आयोगले स्थापनाकालदेखि हालसम्म कार्य सञ्चालनको क्रममा आवश्यक हुने नीतिगत, कानूनी र संरचनागत सुधार गर्दै लगी आयोगको संवैधानिक जिम्मेवारी पूरा गर्न आफ्नो कामकारवाहीलाई संस्थागत गर्दै लगेको छ। प्रदेश लोक सेवा आयोग नियमावली तथा प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका परिमार्जन तथा अद्यावधिक गर्ने क्रममा रहेका छन्।

आयोगको अस्थायी संगठन संरचना तथा दरबन्दी सालबसाली रूपमा प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हाल कुल दरबन्दी ३२ कायम छ। संवैधानिक परिकल्पना तथा कानूनले प्रदान गरेको कार्यक्षेत्रको पूर्ण रूपमा कार्यान्वयन गर्न आयोगबाट संगठन संरचना स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गरिएको छ। आयोगको कार्यालय विराटनगर म.न.पा., वडा नं. ४, खार्जी स्थित निजी भवनबाट कार्य सञ्चालन भइरहेको छ। आयोगले आफ्नो स्थापना कालदेखि नै निरन्तर सुधारको अवधारणा अनुरूप संस्थागत तथा संरचनागत सुधार गर्दै आइरहेको छ। आयोगको रणनीतिक योजना कार्यान्वयनको चरणमा रहेको छ। सूचना प्रविधि, मुद्रण, OMR प्रविधिबाट उत्तरपुस्तिका परीक्षण लगायतका पूर्वाधार व्यवस्थित हुँदै गएको छ। दरखास्त प्रणाली व्यवस्थित गर्न Province Public Service Recruitment Management System (PPSRMS) सञ्चालनमा ल्याइएको छ।

प्रतिवेदन अवधिमा आयोगको कार्यालयबाट जम्मा रु. ३ करोड २ लाख ९० हजार १ सय ८० राजश्व संकलन भएको छ। यस अवधिमा कुल विनियोजन रकम रु. ९ करोड ३० लाख २० हजार मध्ये ८ करोड ३८ लाख ४३ हजार ९ सय ६० खर्च भई वित्तीय प्रगति ९०.१४% रहेको छ। विज्ञापन प्रकाशनदेखि सिफारिससम्म प्रश्नपत्र निर्माण, मोडरेशन, परीक्षा व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता तथा सिफारिसका सन्दर्भमा कुल १,७७९ पद सिफारिस गर्न प्रति उम्मेदवार सिफारिस औसत रू. ५४,९६२.५२ लागत लागेको देखिन्छ। कर्मचारी समायोजन ग्रेड सम्बन्धी सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको कारण फछ्यौंट हुन बाँकी रु. २० लाख १५ हजार ९ सय ७१ बेरुजु बाहेक अन्य कुनै पनि बेरुजु बाँकी छैन।

आयोगद्वारा उपयुक्त उम्मेदवार छनोटका लागि लिखित परीक्षा, शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा, कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण, अन्तर्वार्ता तथा इन बास्केट अभ्यास परीक्षा जस्ता परीक्षण प्रविधि प्रयोगमा ल्याइएको छ। प्रतिवेदन अवधिमा निर्माण भएका

७ वटा पाठ्यक्रम सहित हालसम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको संयुक्त २९ वटा, प्रदेश निजामती सेवाका ११ र स्थानीय सरकारी सेवाको १४ वाट गरी कुल ५४ वटा पाठ्यक्रमहरू निर्माण तथा परिमार्जन भई प्रयोगमा रहेका छन्। सम्बन्धित सेवा समूहको लागि आवश्यक पर्ने बाँकी पाठ्यक्रम निर्माणको क्रममा रहेका छन्।

आयोगको आ.व. २०८०/०८१ को वार्षिक कार्यतालिका बमोजिम प्रदेश निजामती सेवाका विभिन्न सेवा तर्फ माग भई आएका पद संख्याहरूको प्रतिशत निर्धारण गरिएको कुल ४६४ पद मध्ये खुला तथा समावेशी तर्फ ३३२, अन्तर स्थानीय तह प्रतियोगिता तर्फ १४, आन्तरिक अन्तर सेवा प्रतियोगिता तर्फ ४ गरी जम्मा ३५० पदका लागि विज्ञापन प्रकाशन गरिएको छ भने बढुवा तर्फ ११४ पदको लागि बढुवा सूचना प्रकाशन भएको छ। प्रदेश निजामती सेवा अन्तर्गत खुला प्रतियोगिता तर्फ वि.नं. १-६८/०८०-८१ सम्मका विज्ञापनहरूमा कुल ३३२ पद संख्याको लागि विज्ञापन भएकोमा खुलातर्फ १९२, आदिवासी जनजातितर्फ ६०, महिलातर्फ ४६, दलिततर्फ १४, थारुतर्फ ६, मधेशीतर्फ ५, मुस्लिमतर्फ ५ र अपाङ्गतर्फ ४ पद संख्या रहेको छ।

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तर्फ विज्ञापित पदमा कुल ४५,५५६ दरखास्त पर्न आएकोमा ४५,२६१ दरखास्त स्वीकृत तथा २९५ दरखास्त (०.६५% प्रतिशत) अस्वीकृत भएको छ। यस अवधिमा पर्न आएको कुल स्वीकृत दरखास्त मध्ये प्रतिपद औसत दरखास्त १२९.३२ रहेको छ। भौगोलिक क्षेत्र अनुसार सबैभन्दा बढी तराई क्षेत्रको ५१.५२%, प्रदेशगत वर्गीकरण अनुसार कोशी प्रदेशको सबैभन्दा बढी ४१.९९%, जिल्लागत रूपमा सप्तरी जिल्लाको सबैभन्दा बढी ८.०४% रहेको छ।

प्रतिवेदन अवधिमा लिखित परीक्षा सञ्चालनका लागि ५८४ सेट कच्चा प्रश्नपत्र निर्माण गरी नियमानुसार परिमार्जित प्रश्न पत्रको सेट तयार गरिएको छ। यस अवधिमा आ.व. २०७९/०८० र यस आर्थिक वर्षको गरी जम्मा ३२० माग पदका लागि लिखित परीक्षा सञ्चालन गरिएको छ। प्रतिवेदन अवधिमा वन रक्षक पदको शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा समेत सञ्चालन भई सो परीक्षाका सबै इभेन्ट उत्तीर्ण गरी कुल ५,५३५ उम्मेदवार लिखित परीक्षाका लागि छनोट भएका छन्।

परीक्षाको पाठ्यक्रमले निर्धारण गरे अनुसारको प्रथम चरणको लिखित परीक्षा १२ वटा पदका विज्ञापनहरूका लागि स्वीकृत भएका २३,०६२ दरखास्त मध्ये ५९.७२% उम्मेदवार परीक्षामा सहभागी भएका थिए भने द्वितीय र एकै चरणको लिखित परीक्षा हुने परीक्षाहरूमा कुल १५,४६७ उम्मेदवारहरू मध्ये ७,७०१ उम्मेदवारहरू (४९.७९%) उपस्थित भई परीक्षामा सहभागी भएको देखिन्छ। प्रतिवेदन अवधिमा कुल माग पद ३२० का लागि लिखित परीक्षामा सम्मिलित ७,७०१ उम्मेदवारहरूको उत्तरपुस्तिका परीक्षण सम्पन्न गरी नतिजा प्रकाशन गरिएको छ। यस अवधिमा लिखित परीक्षा सम्पन्न भएका जम्मा ३४,५६५ उत्तरपुस्तिकाहरूको परीक्षण सम्पन्न गरिएको छ।

आ.व. २०८०/०८१ मा आयोगबाट गत आ.व.को क्रमागत विज्ञापन तथा यस आ.व.को विज्ञापन समेतको अन्तिम नतिजा प्रकाशन गरी माग पद संख्या १,१४९ का लागि १,०९० जना उम्मेदवार सिफारिस गरिएको छ। यस प्रतिवेदन अवधिसम्म तीन आर्थिक वर्षमा कुल माग पद संख्या १,८६१ मा १,७७९ पदमा सिफारिस गरिएको छ। लिखित परीक्षाबाट आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण नहुनु र अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरु अन्तर्वार्ता कार्यक्रममा उपस्थित नहुनु लगायतका कारणले यस आ.व.मा विभिन्न सेवा समूहको जम्मा ५९ पदमा सिफारिस गर्न सकिएको छैन।

कुल सिफारिस १,०९० जना मध्ये सबै समूह तर्फ गरी जम्मा ४७८ जना (४३.८५%) महिला उम्मेदवार सिफारिस भएका छन् । प्रतिवेदन अवधिमा सबैभन्दा बढी स्वास्थ्य सेवामा ५९५ (स्थानीय र प्रदेश स्वास्थ्य सेवा दुवै) जना सिफारिस गरिएको छ । भौगोलिक क्षेत्र अनुसार सबैभन्दा बढी तराई क्षेत्रबाट (४८.७२%) सिफारिस भएको छ, जुन आ.व. २०७९/०८० भन्दा करीब १०% ले बढेको देखिन्छ। प्रदेशगत रूपमा सबैभन्दा बढी कोशी प्रदेशबाट (३५.३२%) सिफारिस भएको छ, जुन अघिल्लो आ.व.को तुलनामा घटेको देखिन्छ। जिल्लागत रूपमा सबैभन्दा बढी सिफारिस हुने पाँच जिल्लाहरूमा क्रमशः मोरङ्ग, सर्लाही, सिराहा, रौतहट र महोत्तरी रहेका छन् । यस अवधिमा जम्मा ७२ जिल्लामा ठेगाना रहेका उम्मेदवारहरू कोशी प्रदेशका विभिन्न ७४ स्थानीय तहहरू र ३ मन्त्रालयहरूमा सिफारिस भएका छन् । यस अवधिमा आयोगबाट विभिन्न स्थानीय तहको माग बमोजिम जम्मा ९३ जना वैकल्पिक र ६ जना अस्थायी उम्मेदवार समेत सिफारिस गरिएको छ ।

प्रचलित कानूनमा भएको समावेशी सम्बन्धी व्यवस्था तथा आयोगको मूल सिद्धान्तको रूपमा रहेको समावेशी व्यवस्था अनुरूप आयोगबाट समावेशी समूहहरू तर्फ प्रतिवेदन अवधिमा १४० पदका लागि कुल ३५ वटा विज्ञापन प्रकाशन भएकोमा ३०,६७० दरखास्त स्वीकृत भएका थिए। यस अवधिमा समावेशी समूह तर्फ ३९५ जना उम्मेदवार सिफारिस भएकोमा ४७.८५% महिला, ३१.६५% आदिवासी जनजाति, १५.१९% मधेशी र ५.३१% दलित समूह तर्फ सिफारिस भएका छन् । प्रतिवेदन अवधिमा महिला समूह लगायत आन्तरिक प्रतियोगिता, खुला तथा अन्य समावेशी समूहबाट समेत उल्लेख्य रूपमा महिला उम्मेदवारहरूको सिफारिस भएको देखिन्छ ।

आयोगबाट कार्य सम्पादनका क्रममा प्रतिवेदन अवधिमा ३८ वटा बैठकबाट ९४ वटा निर्णयहरू भएका छन् । प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा समूह र तहहरूको शैक्षिक योग्यता सम्बन्धमा हालसम्म १४ वटा निर्णयहरू भएका छन् । प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ र १० मा आयोगको काम, कर्तव्य र अधिकार तथा परामर्शदायी भूमिकाको व्यवस्था गरिएको छ। ऐनको सोही व्यवस्थाको अधिनमा रही आयोगद्वारा सम्बन्धित निकायलाई परामर्श उपलब्ध गराउने गरिएको छ। यस अवधिमा प्रदेश निजामती सेवा सम्बन्धी ३ वटा कानूनहरूको मस्यौदा तथा विभिन्न स्थानीय तहहरूलाई सो स्थानीय तहहरूले तर्जुमा गरेको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि लगायतका विषयमा परामर्श दिइएको छ। विभिन्न स्थानीय तहहरूबाट ऐन बमोजिम कर्मचारीहरूको बढुवा, तह वृद्धि तथा तह मिलानका सम्बन्धमा परामर्श माग भएको सन्दर्भमा बढुवा, तह वृद्धि तथा तह मिलान सम्बन्धी उक्त ऐनले गरेको व्यवस्थाको मर्म र भावना अनुसारको प्रक्रिया समेत उल्लेख गरी १३७ वटै स्थानीय तहहरूलाई परामर्श दिइएको छ।

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ९५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूरमा सोही ऐनको दफा ९२ को खण्ड (ख) को देहाय (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी विभागीय सजाय गर्न एक स्थानीय तहलाई परामर्श दिइएको छ ।

आयोगले आफ्नो प्रथम वार्षिक प्रतिवेदनदेखि नै आयोगको कार्यक्षेत्रसंग सम्बन्धित विषयमा ध्यानाकर्षण भएका विषयहरू र सो सम्बन्धी महत्वपूर्ण सुझावहरू उल्लेख गर्दै आइरहेको छ । प्रतिवेदन अवधिमा पनि आयोगको ध्यानाकर्षण भएका विषयहरू उल्लेख गरिएको छ भने सो सम्बन्धमा प्रस्तुत गरिएका सुझावहरू सम्बन्धित निकायबाट कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।